नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोनः ०५६-५२११८४
०५६-५२०११८
०५६-५२०१०५
०५६-५३३७३०
फ्याक्स: ०५६-५२०७४७

प. सं. ०७५/७६ च.नं. २६३६ भरतपुर, चितवन

मितिः-२०७५।७।१८

विषयः- सार्वजनिक आह्वान कार्यान्वयन सम्बन्धमा ।

श्री भरतपुर महानगरपालिका
श्री रत्ननगर नगरपालिका
श्री खैरहनी नगरपालिका
श्री कालिका नगरपालिका
श्री राप्ती नगरपालिका
श्री माडी नगरपालिका
श्री इच्छाकामना गाउँपालिका
चितवन ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय चितवनबाट जारी गरिएको शुभ दिपावली तथा छठ पर्व संग सम्वन्धित सार्वजनिक आह्वान यसै साथ संलग्न गरी पठाइएको छ । सार्वजनिक आह्वानमा उल्लेख गरिएका विषयहरु कार्यान्वयनको लागि आवश्यक सहयोग गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

०७५/७/१९

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं.: ५१४६ ०७५/७/१८

"नागरिकमुखी प्रशासन: समृद्धि र सुशासन"



Scanned by CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चितवन

फोनः ०५६-५२०१०५
०५६-५२०११८
०५६-५२१६४४
फ्याक्सः ०५६-५२०७४०

मितिः- २०७५/७/९

## सार्वजनिक आह्वान

नेपालीहरुको महान चाड शुभ दिपावली तथा छठ पर्व आ-आफ्नो संस्कृति र परम्परा अनुसार मनाईरहँदा नेपाली समाजको संस्कृति, परम्परा, मर्यादा, अनुशासन विपरित छरछिमेक, समाज तथा समग्र शान्ति सुव्यवस्था नै प्रभावित हुने गरी कानून विपरितका अवाञ्छित गतिविधिहरु नगरी सबै नेपालीहरुको महान पर्व शुभ दिपावली तथा छठलाई मर्यादित, अनुशासित र हर्षोल्लासका साथ मनाउनका निम्ति सबै चितवनवासी दाजु भाई दिदी बहिनीमा निम्नानुसार सादर आह्वान गरिएको छ ।

<u>निम्न</u>

- कुनै पनि आतिसबाजी, पटका, भुईचम्पा लगायतको विष्फोटक पदार्थ उत्पादन, भण्डारण, बिक्री वितरण, परिवहन वा पैठारी नगर्ने ।
- देउसी भैलो खेल्ने कार्यक्रम राति १०.०० बजेसम्म मात्र गर्ने ।
- जुवा, तास, कौडा, सट्टेबाजी, खडखडे लगायतका जुवाजन्य खेल नखेल्ने नखेलाउने ।
- मदिरा र मदिराजन्य वस्तुको बिक्री वितरण राति ९.०० बजेसम्म मात्र नियमानुसार अनुमति प्राप्त व्यवसायीले मात्रै गर्ने ।
- लोकमार्गका लाईन होटल बाहेक अन्य होटल र रात्री मनोरञ्जन व्यवसाय राति १०.०० बजे बन्द गरी सक्ने ।
- स्वीकृति बिना चिट्ठा, उपहार लगायतका कार्यक्रम सञ्चालन नगर्ने ।
- मेला/महोत्सव/प्रदर्शनी आयोजना गर्दा पूर्व स्वीकृति लिई तोकिएका सर्तहरु पालना गरी मात्रै सञ्चालन गर्ने ।
- होटल, किराना पसल लगायतका व्यापारिक प्रतिष्ठानहरुले अनिवार्य रुपमा मूल्य सूची राख्ने ।
- कुनै पनि कार्यक्रम गर्दा वा चाडपर्व मनाउंदा उच्छृखल, भडकिला र उत्तेजक किसिमको नगर्ने ।

शान्ति सुरक्षा कायम गर्न र उपरोक्त कुराहरुको निगरानी गर्न विशेष चाडपर्व सुरक्षा योजना अनुसार जिल्लाका सबै स्थानहरुमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको पहुंच विस्तार गरिएको छ । लोक मार्गमा हुने सवारी दुर्घटनालाई न्यूनीकरण गर्न प्रहरीबाट ट्राफिक गस्ती, चेकजाँच, मा.प.से.जाँचलाई अझ तिब्र पारिएको छ । कुनै पनि घटनालाई शीघ्र सम्बोधन गर्न नेपाल प्रहरीमा QRT(Quick Response Team) र सशस्त्र प्रहरीमा IRT (Immediate Response Team) को व्यवस्था गरिएको छ ।

उपरोक्त कुराहरुको बारेमा कुनै गुनासो, जानकारी वा उजुरी गर्नु परेमा नेपाल प्रहरीको यात्रु सहायता कक्ष (पुल्चोक र टर्मिनल बस पार्क) वा नजिकको प्रहरी चौकी वा सशस्त्र प्रहरी बल १७ नं. गण ०५६-५३०५४४, जिल्ला प्रहरी कार्यालयको कन्ट्रोल ९८५५०१०१३३, निशुल्क नं. ०५६-५२४२४१ र १०० मा सम्पर्क गर्न सकिने छ ।

हाम्रा चाडपर्वहरुलाई सभ्य, भव्य, सुसंस्कृत, मर्यादित र शान्तिपूर्ण ढंगले रमाइलोसँग मनाउने वातावरण बनाऔं । सबैलाई हार्दिक शुभकामना ।

प्रमुख जिल्ला अधिकारी

Scanned by CamScanner